**बान्नीगढी जयगढ गाउँपालिका**

# स्थानीय राजपत्र

**खण्डः ५** **संख्याः २** **मितिः २०७९/१०/१९**

# भाग – १

# बान्नीगढी जयगढ गाउँपालिका

## बान्नीगढी जयगढ गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७९

**प्रस्तावनाः** नेपालको संविधानको अनुसूची ८ र ९ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय तहलाई तोकिएको अधिकार क्षेत्रभित्रका विषयमा आवश्यक कानून बनाई प्रशासकीय कार्यविधि नियमित गर्न वाञ्छनीय भएकोले, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम बान्नीगढी जयगढ गाउँपालिकाको गाउँसभाले यो ऐन बनाएको छ।

**१. संक्षिप्त नाम, विस्तार र प्रारम्भ :** (१) यो ऐनको नाम **"बान्नीगढी जयगढ गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७९"** रहेको छ।

(२) यो ऐन बान्नीगढी जयगढ गाउँपालिका क्षेत्रभित्र राजपत्रमा प्रकाशन भए पछि लागु हुनेछ।

**२. परिभाषा :** (१) विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) **"ऐन"** भन्नाले बान्नीगढी जयगढ गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७९ सम्झनु पर्छ।

(ख) **"कार्यपालिका"** भन्नाले बान्नीगढी जयगढ गाउँपालिकाको गाउँ कार्यपालिका सम्झनु पर्छ।

(ग) **"गाउँपालिका"** भन्नाले बान्नीगढी जयगढ गाउँपालिका सम्झनु पर्छ।

(घ) **"सभा"** भन्नाले संविधानको धारा २२३ बमोजिमको गाउँसभा सम्झनु पर्छ।

( ङ ) **"संविधान"** भन्नाले नेपालको संविधानलाई सम्झनु पर्छ।

**३. नियम बनाउने अधिकार :** (१) नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम गाउँपालिकालाई तोकिएका अधिकार क्षेत्रभित्रका विषयमा तोकिएको कार्य जिम्मेवारी निर्वाह गर्न अपनाउनु पर्ने कार्यविधि नियमित गर्नको निमित्त बान्नीगढी जयगढ गाउँपालिकाको गाउँ कार्यपालिकाले आवश्यक नियम बनाउन सक्नेछ।

(२) उपदफा (१) वमोजिम नियम बनाउँदा संघीय तथा प्रदेश कानून बमोजिम स्थानीय तहको क्षेत्राधिकार भित्र पर्ने विषयमा मात्र बनाउनु पर्नेछ।

४. **निर्देशिका, कार्यविधि र मापदण्ड बनाउन सक्ने :** (१) संविधान, ऐन तथा यस ऐन अन्तरगत वनेको नियमावलीको अधिनमा रही बान्नीगढी जयगढ गाउँपालिकाको गाउँ कार्यपालिकाले आवश्यकता अनुसार निर्देशिका,नियमावली, कार्यविधि र मापदण्ड वनाई लागु गर्न सक्नेछ।

**५. बचाउँ :** गाउँपालिकाले यस पूर्व बनाएका ऐन, नियम, निर्देशिका, कार्यविधि र मापदण्ड यसै बमोजिम भए गरेको मानिनेछ। साथै यस ऐन संग अव उप्रान्त बाझिएका ऐन, कानून, नियमावली, निर्देशिका, कार्यविधि र मापदण्ड बाझिएको हद सम्म अमान्य हुने छन्।

**आज्ञाले,**
झनक रेग्मी
नि. प्रमुख प्रशासकीय अधिकृत